नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

प्रेस विज्ञप्ति

नेपाल सरकार र एसियाली विकास बैंकबिच ऋण तथा अनुदान सम्झौता सम्पन्न

नेपाल सरकार र एसियाली विकास बैंकबिच सासेक राजमार्ग सुधार तथा पारिस्थितिकीय प्रणाली पुनर्स्थापना परियोजना (SASEC Highway Improvement and Ecosystem Restoration Project) का लागि आज मिति २०८३।७।२० का दिन ऋण तथा अनुदान सहायता सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ। परियोजना अन्तर्गत पूर्व-पश्चिम राजमार्गको नारायणगढ-हेटौंडा खण्ड र पृथ्वी राजमार्गको मुग्लिङ्ग-आँबुखैरेनी खण्ड स्तरोन्नतिका लागि एसियाली विकास बैंकबाट २८५ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र २० मिलियन अमेरिकी डलर अनुदान सहायता प्राप्त हुनेछ।

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रमका बीच नेपाल सरकारको तर्फबाट ऋण तथा अनुदान सहायता सम्झौतामा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका सहसचिव श्री अमृत लम्साल र एसियाली विकास बैंकको तर्फबाट बैंकको नेपाल कार्यालयका अफिस इन्चार्ज Mr. Arnaud Heckmann ले हस्ताक्षर गर्नुभयो।

हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्दै सहसचिव श्री लम्सालले प्रस्तुत परियोजनाले सडक क्षेत्रको आसपासमा रहेका संरक्षित बन्यजन्तु र पर्यावरणलाई क्षति नपुग्ने गरी सडकको स्तरोन्नति कार्य गरिने बताउनुभयो। बैंकको नेपाल कार्यालयका अफिस इन्चार्ज Mr. Heckmann ले सडक सुधार तथा पुल निर्माणका कार्यहरू समयमा सम्पन्न गर्न सबै पक्ष जिम्मेवार हुनुपर्ने विषयमा जोड दिनुभयो।

हस्ताक्षर कार्यक्रममा अर्थ सचिव डा. घनश्याम उपाध्याय र नेपाल भ्रमणमा रहनु भएकी एसियाली विकास बैंक, दक्षिण एसिया महाशाखाकी महानिर्देशक Ms. Sona Shrestha को समेत उपस्थिति रहेको थियो।

मितिः २०८३ साल कार्तिक २० गते (नोभेम्बर ६, २०२६)

अमृत लम्साल
(सहसचिव/प्रवक्ता)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np